नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं.: ४०९

मितिः २०८३।०३।०८

ने.सं. ११४६

विषयः कृषि प्राविधिकको पारिश्रमिक सम्बन्धमा ।

श्री स्थानीय तह (सबै) ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको प.सं. यो.ब.का. २०८२।०८३, मिति २०८३।३।२, च.नं. २५१ को एक गा.वि.स. एक कृषि/प्राविधिक र कृषि स्नातक/भेटेरिनरी डाक्टरको पारिश्रमिकका लागि बजेट व्यवस्थापन सम्बन्धि पत्र आवश्यक जानकारीका लागि पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

नोटः एक गा.वि.स. एक कृषि/प्राविधिक र कृषि स्नातक/भेटेरिनरी डाक्टरको पारिश्रमिक सम्बन्धमा थप जानकारीका लागि कृषि, वन तथा पर्यावरण मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखामा सम्पर्क गर्नुहुन ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
योजना तथा विकास सहायक समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं

प.सं : यो.ब.का. २०८२/८३
च.नं. : २५१

(१)

मितिः २०८३/०३/०२

सं.का.का. १६२४ ३।५

विषयः एक गा.वि.स. एक कृषि/ पशुसेवा प्राविधिक र कृषि स्नातक/ भेटेरिनरी डाक्टरको पारिश्रमिकका लागि बजेट व्यवस्थापन सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा,
स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाण्डौं।

प्रस्तुत विषयमा 'एक गाउँ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि २०७३' र 'एक गाउँ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३' अनुसार आर्थिक वर्ष २०७२/७३ देखि कार्यान्वयनमा रहेको "एक गा.वि.स. एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रम" अन्तर्गत साविकको जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट रा.प.अनं. द्वितिय श्रेणी, प्राविधिक सहायक करार पदमा नियुक्त भई कार्यरत रहेका प्राविधिकहरुको राज्य पुनर्संरचनासँगै साविकका गा.वि.स.हरु हाल जुन स्थानीय तहमा समायोजन भए सोही स्थानीय तहमा काम काज गर्ने गरी व्यवस्थापन भएको सन्दर्भमा कतिपय प्राविधिकहरुको करार आफ्नो व्यक्तिगत कारण वा अन्य कारणले निरन्तरता हुन नसकेको भनी प्राप्त जानकारी अनुसार यस मन्त्रालयको प.सं. ०८२/८३, च.नं. यो.ब.का. ३९६, मिति २०८२/१०/२३ गतेको पत्रबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा पत्राचार भई आर्थिक वर्ष २०७२/७३ मा नियुक्त भई हाल कार्यरत रहेका प्राविधिकहरुको विवरण माग भएको।

सो बमोजिम स्थानीय तहहरुबाट मन्त्रालयमा प्राप्त हुन आएका विवरणका आधारमा साविक जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट नियुक्त भई सेवा निरन्तरता गरिरहेका प्राविधिकहरुको आगामी आ.व. ०८३/८४ का लागि पारिश्रमिक व्यवस्थापन सम्बन्धमा यस मन्त्रालयलाई प्राप्त बजेट सिलिङ्ग तथा मिति २०८३/०१/१७ गतेको बजेट समितिको निर्णयानुसार चालु आ.व. ०८२/८३ मा भएको बजेट विनियोजन अनुसार नै आगामी आ.व २०८३/८४ को लागि सशर्त वित्तिय हस्तान्तरणमार्फत प्रति प्राविधिकको वार्षिक अवधिमा हुन आउने कुल पारिश्रमिकको चालिस (४०%) प्रतिशत रकम सर्शत अनुदानतर्फ बजेट विनियोजन भएकाले स्थानीय तहबाट कृषि प्रसार सेवा अभिवृद्धिका लागि आ.व. २०७२/७३ देखि करार निरन्तरता भई निरन्तर रुपमा प्राविधिक सेवा पुर्याईरहेका कृषि/पशुसेवा तर्फका प्राविधिकहरुको सेवा निरन्तरताका लागि पारिश्रमिकतर्फ बाँकी हुन आउने साठ्ठी प्रतिशत (६०%) रकम तथा नेपाल सरकारको २०८३ जेठ १५ को बजेट वक्तव्यमार्फत भएको तलबवृद्धि तथा नियमानुसार उपलब्ध गराउन मिल्ने अन्य सुविधाका हकमा प्रचलित कानून अनुसार सम्बन्धित स्थानीय तहबाट नै बजेट व्यवस्था हुन र कुनै स्थानीय तहबाट समयमै यस मन्त्रालयमा वितरण प्राप्त हुन नसकी सम्बन्धित प्राविधिकहरुको पारिश्रमिक व्यवस्थापन हुन नसकेको देखिएमा सम्बन्धित स्थानीय तहबाट नै आवश्यक बजेट व्यस्थापन हुन समेतका लागि तँहा मन्त्रालय मार्फत स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८३/०३/०१ को निर्णायानुसार अनुरोध छ।

साथै सशर्त अनुदानतर्फको बजेटमार्फत विभिन्न स्थानीय तहहरुमा करारमा कार्यरत कृषि स्नातक/भेटेरिनरी डाक्टर हकमा समेत यस मन्त्रालयको प.सं. ०८२/८३, च.नं. यो.ब.का. ३९६, मिति २०८२/१०/२३ गतेको पत्रमार्फत आवश्यक विवरण माग भएकोमा मन्त्रालयमा प्राप्त विवरण र यस मन्त्रालयलाई प्राप्त बजेट सिलिङ्ग तथा मिति २०८३/०१/१७ गतेको बजेट समितिको निर्णयानुसार कृषि स्नातक/ भेटेरिनरी डाक्टरहरुको आगामी आ.व. ०८३/८४ मा पारिश्रमिकका लागि बजेट

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

(२)

प.सं : यो.ब.का. २०८२/८३
च.नं. : २५७

नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं

प्रस्ताव चालु आ.व. ०८२/८३ सम्म निर्धारित रा.प.तृ. श्रेणी सरहको तलब स्केल अनुसार नै सशर्ततर्फ बजेट प्रविष्टी भएको हुँदा नेपाल सरकारको २०८३ जेठ १५ को बजेट वक्तव्यमार्फत भएको तलबवृद्धि तथा नियमानुसार उपलब्ध गराउन मिल्ने अन्य सुविधाका हकमा प्रचलित कानून अनुसार सम्बन्धित स्थानीय तहबाट नै आवश्यक बजेट व्यवस्था हुनका लागि तँहा मन्त्रालय मार्फत स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०८३/०३/०१ को निर्णयानुसार अनुरोध छ।

डा. हरिबहादुर क.सी.
सहसचिव